स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री प्रियंका कार्कीले जन्मदिन अवसरमा छोटो फिल्म 'टाँक'को फस्टलुक पोस्टर सार्वजनिक गरेकी छन् । साम्तेन भुटिया निर्देशित यो फिल्मलाई अन्तर्राष्ट्रिय फेस्टिभलमा पठाउने तयारी छ । सामाजिक कथावस्तु समेटिएको यो फिल्मको पोस्टरमा प्रियंकाको ग्रामीण अवतार देख्न सकिन्छ । दुईमध्ये एक पोस्टरमा उनको लुक्स विशुद्ध ग्रामीण महिलाको देख्न सकिन्छ । अर्कोमा चाहिँ उनी चाइल्ड एक्टरसँग छिन् । यो फिल्मलाई आयंका फिल्म्सको ब्यानरमा निर्माण गरिएको हो ।

**आजको विचार...**



दुर्गाप्रसाद अर्याल

तानसेन... (दुई पेजमा)



भारतमा जारी मिस वर्ल्डमा प्रतिस्पर्धा गरिरहेकी प्रियंकारानी जोशी बाघ संरक्षणका लागि ग्लोबल एम्बासडर घोषित भएकी छन् । मिस वर्ल्डको एक विधा मल्टिमिडिया च्यालेन्ज अन्तर्गत अब उनले 'बाघ बचाऔं' भन्ने अभियान पनि चलाउनुपर्नेछ । नयाँ दिल्लीमा आयोजित समारोहमा प्रियंकासहित मिस वर्ल्डका सुन्दरीलाई 'सेभ द टाइगर'को सद्भावना दूतको रुपमा घोषणा गरियो । मिस वर्ल्डका सुन्दरीलाई यो वातावरणीय अभियानमा जोड्ने काम चाहिँ महाराष्ट्र सरकारको वन, सांस्कृतिक मामिला र मत्स्य पालनमन्त्री सुधीर मुनगंटीवारले गरेका हुन् ।

❐ वर्ष २९ ❐ अंक २१२ ❐ २०८० फागुन १७ गते बिहीबार 29 February 2024, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-


## विद्युत निर्यातमा फड्को

# ६ महिनामा नेपालले भारतलाई बेच्यो १३ अर्ब बढीको विजुली

**रामचन्द्र रायमाझी**

**पाल्पा,** फागुन १६/पछिल्लो समय नेपालले विद्युत निर्यातमा फड्को मार्दै गएको छ । विगतमा ठूलो मात्रमा विजुली आयात गर्दै आएको नेपालले पछिल्लो केही समय यता भने ठूलो मात्रमा निर्यात गर्न थालेको छ । लामो समयको प्रयत्नपछि भारतीय ऊर्जा बजारमा प्रतिस्पर्धी दरअनुसार नेपालको अतिरिक्त बिजुली बिक्री गर्ने बाटो खुलेसँगै नेपालले विद्युत निर्यातमा फड्को मार्दै गएको हो ।

दुई वर्ष अघिसम्म नेपालले फाटफुट रुपमा मात्रै भारतमा बिजुली पठाउने गथ्यो । भारतबाट आउने विद्युतको तुलनामा जाने परिमाण नगण्य नै थियो । तर अहिले भने उत्पादन बढाएर भारतबाट ल्याउने भन्दा पनि पठाउने काममा नेपालले सफलता प्राप्त गरेको छ । नेपाल विद्युत प्राधिकरणले चालु आर्थिक वर्षको पहिलो ६ महिनामा मात्र १३ अर्ब ३८ करोड ५६ लाखको



विद्युत भारतलाई बेचेको छ । सोही अवधिमा १ अर्ब ९८ करोड ६२ लाखको विद्युत मात्र आयात भएको छ । यसबाट के प्रष्ट हुन्छ भने नेपालले विद्युत निर्यातमा फड्को मार्दै गएको छ ।

प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत भारततर्फ निर्यात गर्दै आएको छ । नेपालले विशेष गरी वर्षायाममा अत्याधिक विद्युत उत्पादन गर्दै भारत निर्यात गर्ने गर्दछ । सुख्खायाममा भने भारतबाटै विद्युत ल्याउनुपर्ने बाध्यता नेपाललाई रहेको छ । सो अवधिमा नदी तथा खोलानालामा पानीको बहाव घटेर जलविद्युत् आयोजनाहरुको विद्युत उत्पादन घट्न पुग्दा आन्तरिक माग धान्न भारतबाट विद्युत आयात गर्नुपर्दछ । तर विगतमा जस्तो ठूलो परिमाणमा भने विजुली ल्याउनु परेको छैन । नेपालले वर्षायाममा बढी भन्दा बढी विजुली उत्पादन गरी निर्यात गर्दै आएको छ । प्राधिकरणले ६ महिनाको अवधिमा विजुली विक्रीबाट १५ अर्ब ३६ करोड ६ लाख नाफा आर्जन गरेको छ । गत आर्थिक वर्ष २०७९/८० को सोही अवाधिमा प्राधिकरणको नाफा १० अर्ब ९१ करोड ६० लाख थियो । गत आवको पहिलो छ महिनाको तुलनामा प्राधिकरणको नाफा चालु आवको सोही अवधिमा चार अर्ब ४४ करोड ४६ लाखले बढी हो । गत आवको नाफा १२ अर्ब ३३ करोड थियो । विद्युतमा आत्मनिर्भर बन्न, आन्तरिक रुपमा खपत बढाउन र उपभोक्तालाई गुणस्तरीय र भरपर्दो विद्युत उपलब्ध गराउने गरी नेपालले काम अगाडि बढाएको छ ।

## सक्षिप्त समाचार

### फिलिपिन्समा आगलागीमा परी चार जनाको मृत्यु

**(रासस/सिन्ह्वा)**

**मनिला,** फागुन १६/मध्य फिलिपिन्सको सेबु शहरमा एक दर्जनभन्दा बढी घरहरू जल्नेगरी भएको आगलागीमा एकै परिवारका चार जनाको स्थानीय अग्निनियन्त्रकले बुधबार बताएका छन् ।

स्थानीय समय अनुसार राति २:०० बजतिर आगलागी हुँदा उनीहरू गहिरो निन्द्रामा रहेको नगरीय दमकल कार्यालयका वेन्डेल भिलानुएभाले बताएका छन् । आगलागीबाट बाँचेकी उनीहरूकी छोरीले सुरक्षाकर्मीसँगको कुराकानीमा दिएको जानकारी अनुसार आगलागीमा आमाबाबु र दुई भाइहरूको मृत्यु भएको बताए । उनले भने, 'बुबा, आमा र दुई भाईहरू घरको तेस्रो तलामा सुतिरहेको तथा अन्य सदस्यहरु तल्लो तलामा सुतिरहेको अवस्थामा आगलागी भएको र माथिल्लो तलामा रहेका चार जनाको मृत्यु भएको छ ।' आगलागीमा परी परिवारका अन्य आठ जना सदस्य घाइते भएका छन् ।

आवासीय क्षेत्रमा द्रूत गतिमा फैलिएको आगो निभाउन अग्नि नियन्त्रकलाई तीन घण्टा लागेको थियो भने आगलागीका कारण नजिकका ३० परिवार प्रभावित भएको जनाइएको छ ।

## मोवाइलको लतबाट बालबालिकालाई बचाऔं

- मोवाइलको लत लागेका बालबालिकामा निन्द्रा ढिलो लाग्ने, गहिरो निन्द्रा नलाग्ने र पटक पटक ब्युझँने समस्या देखिन सक्छ,
- मोवाइलको लतले बालबालिकाको मष्तिष्क विकासमा नै असर पुऱ्याउन सक्छ,
- मोबाइल देखाएर खाना खुवाउनाले बालबालिकालाई खानाको स्वाद थाहा नहुन सक्छ,
- यसले पाचन प्रणालीमा समस्या हुन सक्दछ,
- उनीहरुलाई कुराकानी गरेर, डुलाएर, गीत गाएर तथा उनीहरूको हाउभाउमा प्रतिक्रिया जनाउँदै खाना खुवाऔं,

***अभिभावकले अत्याधिक मोबाइल चलाउँदा बालबालिकालाई मोवाइलको लत बस्न सक्दछ, त्यसैले अभिभावकले मोवाइलको कम प्रयोग गरौं ।***

नेपाल सरकार

विज्ञापन बोर्ड

# बजेट अभावमा रोकिए तीन जिल्लाका चार सडक

**गलकोट (बागलुङ),** फागुन १६/तीन जिल्लाका चार ठूला सडक बजेट अभावका कारण निर्माण रोकिएको छन् । संघीय सरकारअन्तर्गत २०७९ सालमा सुरु भएका बागलुङका दुई, म्याग्दीको एक र मुस्ताङको एक गरी चारवटा ठूला सडकको काम अहिले रोकिएको हो ।

सडक डिभिजन कार्यालय बागलुङको कार्यक्षेत्रमा रहेका तीन जिल्लाका चार ठूला सडक कालोपत्र गर्ने योजना बजेट अभावमा रोकिएको कार्यालयका सूचना अधिकारी एवं इन्जिनियर अमर अधिकारीले जानकारी दिए । उनका अनुसार चार सडक एक अर्ब १९ करोड ९२ लाख ९३ हजारमा निर्माण भइरहेकामा अर्थमन्त्रालयले बजेट नपठाउँदा यस वर्ष काम हुन सकेको छैन । चार सडकलाई चालू आर्थिक वर्षमा एक करोडका दरले चार करोड मात्रै बजेट विनियोजन भएकाले रकम अभाव भएको



अधिकारीको भनाइ थियो । बागलुङ क्षेत्र नं १ को र म्याग्दीमा निर्माण भइरहेका सडकको सात करोड १२ लाख ४७ हजार रकम भुक्तानी गर्न बाँकी रहेको उनले जानकारी दिए । उक्त चार सडक निर्माणका लागि एक अर्ब १९ करोड बजेट आवश्यक पर्नेमा चालू आवमा चार करोड मात्रै बजेट विनियोजन भएकाले समस्या भएको भन्दै इन्जिनियर अधिकारीले पटक-पटक अर्थमन्त्रालयमा बजेट थप गर्न अनुरोध गरिएको जानकारी दिए । 'एक निर्वाचन क्षेत्र, एक रणनैतिक सडक' कार्यक्रम अन्तर्गत बागलुङ क्षेत्र नं १ स्थित बागलुङ बजार अदालतदेखि चौपारी-सिगाना-चापाखर्क-गाजाको दह हुँदै बरेङ शान्तिपुर जोड्ने सडकको गत वर्ष ४८ प्रतिशत भौतिक प्रगति भए पनि दायित्व भुक्तानी नपाएपछि निर्माण व्यवसायीले यस वर्ष काम गर्न सकेको छैन । दश किमी कालोपत्र गर्न २९ करोड ३७ लाख ८८ हजारमा सम्झौता भएको थियो । निर्माणको जिम्मा पाएको कर्ण बिल्डर्सले सुरुमा कामलाई तीव्रता दिए पनि भुक्तानी नपाएपछि काम गर्न समस्या भइरहेको निर्माण कम्पनीका प्रतिनिधि सन्दीप श्रेष्ठले बताए । 'गत वर्षको तीन करोड ३१ लाख तीन हजार भुक्तानी पाउन बाँकी छ । चालू आवमा जम्मा एक करोड बजेट विनियोजन भएपछि काममा फर्कन समस्या भएको हो', उनले भने । श्रेष्ठले दायित्व भुक्तानी हुनासाथ काममा फर्कन बताउँदै बजेट थप्न आग्रह गरे । बागलुङ क्षेत्र नं २ अन्तर्गत हरिचौर बजारबाट मल्म, पाण्डवखानी-रमुवा-रणसिंह किटेनी हुँदै निसीखोलाबाट प्यूठान जोड्ने सडक विसं २०७९ मा २५ करोड २० लाखमा सम्झौता भएको थियो ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## लघुवित्त पीडितलाई न्याय देऊ

यतिबेला देशभरका लघुवित्त पीडितहरू काठमाडौंमा पुगेर आन्दोलन चर्काएका छन् । उनीहरुले लघुवित्तीय संस्थाहरुको ज्यादतीको कारण कोही घरबार विहीन बन्नु परेको, कसैलाई जग्गा लुटेर बैंकमा लुटपाट गराइएको, बढी चर्को ब्याज असुल गर्ने गरेको भन्दै न्यायको माग गर्दै संघीय राजधानी पुगेका हुन् । लघुवित्तबाट ऋण लिएकाहरु संगठित भई गत वर्षदेखि आन्दोलन थाल्दै आएका छन् । तर अहिले सम्म पनि उनीहरुले सरकारबाट कुनै पनि न्याय पाउन सकेका छैनन् । यो अत्यन्त दुखको कुरा हो । पीडितलाई सरकारले राहत दिन छोडेर थप आहत सिर्जना गरेको छ । घरबार छोडी काठमाडौं पुगेर चिसोमा कठाग्रिएर आन्दोलनमा उत्रिनु रुचिकर पक्कै पनि होइन । तर, आन्दोलन उठेपछि हुने वार्ता र सहमति कार्यान्वयन नहुँदा पीडितहरू पटक-पटक उस्तै आन्दोलन दोहोऱ्याउन बाध्य भएका छन् ।

सोमबार लघुवित्त ऋणीहरुले नयाँ बानेश्वरस्थित संसद् भवनमै प्रवेश गरेर विरोध प्रदर्शन गरे । तर लघुवित्त ऋणीहरूले निषेधित क्षेत्र तोडेर प्रदर्शन गरेका कारण केही प्रदर्शनकारीहरुलाई प्रहरीले पक्राउ समेत गरेको छ । उनीहरूले आफूहरु गोली खान पनि तयार रहेको भन्दै संसद् परिसरभित्रै सुतेर विरोध जनाएका थिए । गेटमा एकैपटक धेरै जना आएपछि सुरक्षाकर्मीले रोक्न सकेका थिएनन् । सडकबाट सरकारले नसुनेपछि उनीहरू संसद भित्र छिरेरै प्रदर्शन गर्न बाध्य भए । यसबीचमा विभिन्न पार्टीका शीर्ष नेतालाई भेटे तर न्याय पाउन सकेका छैनन् । उनीहरूको एउटै पीडा छ– नखाएको ऋणबाट मुक्त हुन विभिन्न अड्डाअदालत धाउँदाधाउँदै मजदुरी गर्ने समय बित्छ । अब परिवार कसरी पाल्ने ? यसबारे सरकार मात्र होइन, सत्तारुढ पार्टीका शीर्ष नेता पनि जानकार छन् । सरकारले सत्यतथ्य बुझी समस्या समाधानमा चासो देखाउनुपर्छ । अनावश्यक चर्को व्याजबाट पीडित भएकाहरु फेरि पनि पीडित हुन नपरोस् । पीडकले कारवाही र पीडितलाई न्याय दिलाउन राज्यसंयन्त्रले गम्भीर पहल गर्न जरुरी छ ।

### Opinion @ Social Network

प्रेम थियो र त सीताले नि रामको प्रतिक्षा गरिन्
नत्र रावणमा पनि के को कमि थियो र !
(कृष्ण अर्यालको फेसबुकबाट *https://www.facebook.com/krishna.aryal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# तानसेन : सार्वजनिक शिक्षा र विद्यालय समायोजन




***तानसेनको हिजोको अवस्थामा आज परिवर्तन आएको छ । भिडभाड देखिने तानसेन बजार सुनसान जस्तै देखिन्छ । भाडामा कोठा खोज्दा नभेटिने तानसेन बजारका घरहरु आज भाडामा दिने मान्छे भेटिदैनन् । तानसेनमा आएर छोरा छोरी पढाउने भन्ने प्रवृत्ती हटिसकेको छ । गाउँ-गाउँमा सेवा, सुविधा पुगेका छन् । परिणाम स्वरुप विद्यार्थीको चाप घटेको छ ।***

ऐतिहासिक शहर तानसेन बजार तानसेन नगरपालिकाको केन्द्र मात्रै नभएर सिंगो पाल्पाको सदरमुकाम पनि हो । राज्यको पछिल्लो शासन व्यवस्था अवलम्बन गरी नयाँ संरचना तय गरी विकेन्द्रीत शासन व्यवस्थाको अभ्यास गर्नु पूर्व तानसेन बजार पश्चिम नेपालकै शैक्षिक तथा व्यापारीक केन्द्रको रुपमा रहेको कुरामा दुई मत नरहला । तर समय परिवर्तनशिल छ । नदीमा पानी बगिरहेको छ । तानसेनको हिजोको अवस्थामा आज परिवर्तन आएको छ । भिडभाड देखिने तानसेन बजार सुनसान जस्तै देखिन्छ । भाडामा कोठा खोज्दा नभेटिने तानसेन बजारका घरहरु आज भाडामा दिने मान्छे भेटिदैनन् । तानसेनमा आएर छोरा छोरी पढाउने भन्ने प्रवृत्ती हटिसकेको छ । गाउँ-गाउँमा सेवा, सुविधा पुगेका छन् । परिणाम स्वरुप विद्यार्थीको चाप घटेको छ । केहि विद्यालयहरु विद्यार्थीको अभावमा सुनसान जस्तै देखिन्छन् । यहि कारण तानसेनमा आज भोली विद्यालय संमायोजन र शिक्षक दरवन्दी मिलानको चर्चा चलिरहेको सुनिन्छ । यसका पक्ष र विपक्षमा विभिन्न खालका धारणाहरु सार्वजनिक भइरहेका छन् । नयाँ शैक्षिक शत्र सुरु हुन थाले र हो की ? तानसेन बजारमा यसैलाई लिएर बहस तातेको छ । यसर्थ यहाँ विद्यालय संमायोजन र तानसेन बजारका विषयमा केन्द्रीत रहेर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

**हिजो-आजको तानसेन र शिक्षा :**

त्रिभूवन विश्व विद्यालय स्थापना हुनुपूर्व तानसेनमा त्रिभूवन बहुमुखी क्याम्पस स्थापना भएको तानसेन बजार शैक्षिक इतिहास बोकेको स्थान हो । त्रिभुवन विश्व बिद्यालयको आगिक क्याम्पस समेत रहेको यो स्थानमा नेपालकै पुराना माध्यमिक विद्यालयहरु पनि सञ्चालनमा रहेका छन् । हिजो बिद्यार्थीले भरिभराउ देखिने तानसेन बजार नेपालकै शैक्षिक केन्द्रको रुपमा रहेको थियो । यहाँ सञ्चालनमा रहेका क्याम्पस हुन् वा सरकारी तथा नीजि विद्यालय कसैलाई विद्यार्थी अभाव हुँदैनथ्यो । भरिभराउ कक्षा कोठामा कोचिएर पढाउनु र पढ्नु पर्ने अवस्था थियो । त्यति मात्र होइन विद्यार्थी पढाउनै नसक्ने अवस्थाका कारण भर्ना नलिएर फर्काउनु पर्ने अवस्था समेत थियो । हिजो रोजेर विद्यार्थी भर्ना गर्ने तानसेनका विद्यालय, आज खोजेर भर्ना गर्ने अवस्थामा पुगेका छन् । एउटै कक्षाका ए, बि, सी, डी र ई सम्मका सेक्सन हुने गर्दथे तर नदीमा पानी बगेसरी आज समय परिवर्तन भै सकेको छ । विगतका ती पक्षहरु इतिहास जस्तै बनेका छन् । आवश्यकता अनुसार विद्यार्थीहरु पाउनै छाडिएको छ । पहिला जस्तो चहल पहल कुनै पनि विद्यालयहरुमा देखिदैन् । सरकारले तोकेको मापदण्ड विना थोरै विद्यार्थी राखेर पढाउनु पर्ने अवस्था सिर्जना भएको छ भने सरकारले देशभरकै समग्र यहि अवस्थाको विश्लेषण गरेर थप दरबन्दी सिर्जना गर्नुको बदलामा विद्यालय संमायोजन र दरबन्दी मिलानलाई प्राथमिकतामा राखेको देखिन्छ भने स्थानीय तहलाई ताकेता गर्ने, बजेट निकाशामा शर्त राख्ने गरेको देखिन्छ । यहि ताकेता र निर्देशन अनुसार तानसेन नगरपालिकाले विगतका केहि वर्ष अगाडिदेखि विद्यालय संमायोजन र दरवन्दी मिलानलाई अगाडि सारेर कार्य थालनी गरेको छ ।

**चेपुवामा शिक्षक र कर्मचारी :**

विद्यार्थी कम हुनुको दोष अहिले हरेक विद्यालयमा शिक्षकहरुले खेपिरहेको देखिन्छ । स्थानीय तह अनि गाउँ घरमै सिहदरबार आएर हो की ? पछिल्लो समय यो दर अत्याधिक बढेको छ । शिक्षकको जागिर निल्नु की ओकेल्नु अवस्थामा पुगेको छ भन्दा फरक नपर्ला । राजनीतिक नेतृत्वमा, केहि शिक्षित भनिएका अभिभावकहरुमा शिक्षकले नपढाएर विद्यार्थी कम भएका हुन् भन्ने भ्रम परेको छ र आरोप शिक्षकतर्फ तेर्साइएको छ । शिक्षकले आफ्ना छोराछोरी सरकारी विद्यालयमा पढाएनन् भन्ने विषय अहिले भाषण, छलफल र सामाजिक सञ्जालमा सुन्न र पढ्न सकिन्छ । नैतिकता र कर्तव्यको आधारमा शिक्षक माथि यो आरोप लगाउनु उपयुक्त होला तर मरिमेटेर लोक सेवा आयोग पास गरेर सरकारी जागीर खाई रहेका कर्मचारीका छोरा-छोरीलाई सरकारी विद्यालयमा पढाउने शर्तमा जागिर दिए जस्तो गरी सरकारी विद्यालयमा पढाएनन् भनेर दोष दिनु कति जायज होला ? अनुकुल र प्रतिकुलको अवस्था, व्यक्तिको लोकतान्त्रिक र स्वतन्त्रताको पक्ष साथै कर्मचारी र शिक्षकका २/४ जना छोराछोरी विद्यालयमा भर्ना गर्न पाए विद्यालयमा विद्यार्थी बढ्ने भ्रम सिर्जना भएको छ । उनीहरुमा बदलीदो परिस्थिति बुझ्ने र सोच्ने फुर्सद नै भएको देखिदैन । सार्वजनिक विद्यालयको ठेक्का लिए जस्तै गर्दछन् आज भोली उनीहरु । कर्मचारी शिक्षक भन्दा अलि बढी अधिकार प्राप्त पदमा रहेर होला यसलाई लिएर प्रतिकार गर्न पछि पर्दैनन् तर निमुखा शिक्षकहरु आफ्नो राजनीतिक दलको नेतृत्वले लगाएको आरोप हो भने शिरोधार्य गर्दछन् भने विपक्षले हो भने अलि अलि विरोध गरे जस्तो सानो आवाज निकाल्दछन् ।

**सार्वजनिक विद्यालयमा विद्यार्थी कम हुनुका मुख्य कारणहरु :**

- जनसंख्या वृद्धि दरमा कमी ।
- तिब्र बसाई सराई ।
- राज्यको नयाँ सरचना र स्थानीय तहको विकास ।
- अभिभावकमा अंग्रेजी शिक्षा प्रतिको मोह ।
- गाउँ-गाउँमा थप विद्यालयहरुको स्थापना र सञ्चालन ।
- विद्यालयहरुमा राजनीतिक हस्तक्षेप र राजनीतिककरण ।

**किन गर्ने त विद्यालय संमायोजन ?**

नेपाल सरकारले पछिल्लो समय दरवन्दी थप्ने नभई व्यवस्थित गर्ने र अर्थतन्त्रलाई थप व्यय भार नपार्ने रणनीति अवलम्वन गरेको देखिन्छ । सोहि अनुकुल हिजो शक्ति र पहुँचका आधारमा वितरण गरिएको शिक्षक दरवन्दीलाई मिलानको नाममा पुन:वितरण गर्ने । मापदण्ड नपुगेका विद्यालयहरु संमायोजन गर्ने र शिक्षक दरबन्दीलाई शिक्षक अभाव भएका र विद्यार्थी चाप बढी भएका विद्यालय र स्थानीय तहमा स्थानान्तरण गर्ने लक्ष्य अनुरुप केहि स्थानीय तहका दरबन्दी काटीने र केहि स्थानीय तहमा थपिने अभ्यास विगतमा भएको देखिन्छ । यसको मुख्य उद्देश्य कसैलाई अप्ठ्यारो पार्नु, राजनीतिक प्रतिशोध गर्नु वा अन्य कुनै भन्दा पनि समानुपातिक वितरण गर्नु रहेको देखिन्छ ।

**विद्यालय संमायोजन र तानसेन :**

हाल तानसेन बजारमा सरकारी स्तरबाट ७ वटा माध्यमिक विद्यालय र नीजि क्षेत्रबाट ९ वटा माध्यमिक विद्यालयहरु सञ्चालनमा रहेका छन् । निजी विद्यालयहरुले विद्यालय सञ्चालनका लागि बजार भन्दा धेरै टाढा-टाढा सम्म पुगेर विद्यार्थी ल्याउनका लागि विद्यालय बस सेवा सञ्चालन गरेको देखिन्छ भने केहि सरकारी विद्यालयहरुले पनि यसको अभ्यास गरेको देखिन्छ । यो कारण तानसेन बजार मात्रै हैन तानसेन आसपासका ग्रामीण क्षेत्रका विद्यालयहरुलाई पनि विद्यालय अभावको मर्का परिरहेको देखिन्छ । आ-आफ्नो विद्यालयको क्षेत्र र विद्यार्थी भन्ने देखिदैन आज भोली । तानसेन नगरपालिकाले नेपाल सरकारको निर्देशन अनुसार ग्रामीण क्षेत्रका विद्यालयहरु र तानसेन बजारकै केहि आधारभूत विद्यालयहरुलाई विगतदेखि नै संमायोजन गर्दै आएको थियो । त्यस बेला कुनै विवाद भएन किनभने तिनीहरु साना विद्यालयहरु थिए । त्यहाँका प्रधानाध्यापक तथा शिक्षकहरु राजनीतिक पहुँच नभएका थिए तर त्यस बेला माध्यमिक विद्यालय संमायोजनमा समस्या सिर्जना भएपछि भने केहि संमायोजनको अवस्थामा पुगेका माध्यमिक विद्यालयलाई सरकारले तोकेको मापदण्ड पुऱ्याउनका लागि अवसर प्रदान गरेको देखिन्छ ।

**तानसेन नगरपालिकाले के गर्न खोजेको छ त ?**

विशेष गरेर तानसेन बजारमा सञ्चालनमा रहेका केहि माध्यमिक विद्यालयहरुलाई आवश्यक मापदण्ड बनाएर संमायोजन गर्ने नीति नगरपालिकाले लिएको देखिन्छ । विगतमा राजनीतिक दवाब र विविध कारणले यो कार्य सम्पन्न गर्न सकेको थिएन भने यो वर्ष पनि नयाँ शैक्षिक शत्र सुरुवात हुनुपूर्व यस विषयमा बहस र प्रयास भएको देखिन्छ । नगरपालिकाले क्षेत्र र मापदण्डका आधारमा महेन्द्र बोधी माविलाई पप माविमा संमायोजन गर्ने र दरबार परिसरमा रहेको बालमन्दीरलाई हाल रहेको महेन्द्र बोधी माविमा स्थानान्तरण गर्ने,मापदण्ड पुगेता पनि अमर नारायण मन्दिर परिसरमा सञ्चालनमा रहेको देववाणी माविलाई मापदण्ड नपुगेको सेन माविमा संमायोजन गर्ने गरी छलफल र कार्य थालनी गरेको देखिन्छ । यसो हेर्दा क्षेत्र, पुरातात्विक र वैज्ञानिक हिसाबले यी विद्यालय संमायोजन र स्थानान्तरण गर्नु उपयुक्त नै देखिन्छ । केहि व्यक्तिगत, विद्यालयमा नेतृत्व लिने स्वार्थ, केहि राजनीतिक र पहुँचका कारण यो विषय हाल पेचिलो बन्दै गएको देखिन्छ ।

**निष्कर्ष :**

राज्यको निर्देशन, मापदण्ड, ऐन कानुनको पालना गर्नु पर्ने दायित्व र कर्तव्य सबैको हुने गर्दछ । हिजोको शैक्षिक स्थिती र वातावरण आज तानसेनमा देखिदैन् । विकेन्द्रीत शासन अभ्याससँगै तानसेन बजारमा केन्द्रीत शिक्षा पनि विकेन्द्रीत हुँदै गएको छ । विद्यार्थीको चाप घटेको छ । हिजो रोजेर विद्यार्थी भर्ना गर्ने विद्यालय आज खोजेर, बिन्ती गरेर भर्ना गर्नु पर्ने अवस्थामा पुगेका छन् । यहि कारण विद्यालय संमायोजन दरवन्दी मिलानको कुरा उठेको देखिन्छ । त्यसैले व्यक्तिगत इगो, स्वार्थ र राजनीतिक आडलाई त्यागेर सोहि अनुसार रुपान्तरण हुनु पर्दछ । शिक्षकका महासंघ, संघ, संगठन तथा अन्य कुनैका नेतृत्वकर्ताले पनि साथ दिनुपर्दछ राज्यको नीतिलाई । अनि राज्यको नीतिलाई साथ लिएर अप्ठयारो स्थिति हैन समझदारी र सहकार्यको अवस्था सिर्जना गर्नु पर्दछ राज्य संयन्त्रले पनि । तानसेन बजार भित्रका केहि माध्यमिक विद्यालय संमायोजनका कुरा win-win मा निष्कर्षमा पुगोस् यहि कामना गरौं ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : लाभहानी बराबरी हुनेछ । आत्मबल बढाएर काम गरेमा असफल भईदैन । | **तुला** : प्रतिष्ठा कमाउने बेला छ । वैदेशिक कार्यबाट बढी लाभ र सफलता पाइनेछ। |
| **बृष** : प्राविधिक काममा सफलता प्राप्त हुनेछ । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ। | **बृश्चिक** :लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । साथीभाइसँग समय बित्नेछ । |
| **मिथुन** : लाभदायक यात्रा रहनेछ । नयाँ कार्यको थालनी होला । | **धनु** : सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ। पुराना योजना बिस्तारै अघि बढ्नेछ । |
| **कर्कट** : मनोरञ्जनमा सहभागी भइएला। पारिवारिक जीवन सकारात्मक नै हुनेछ। | **मकर** : कार्य सम्पादनमा समस्या आउला। चोटपटकको भय छ सचेत रहनुहोला । |
| **सिंह** : न्यायिक कार्यमा सफलता मिल्नेछ। आँटेको र ताकेको कार्य पुरा होला । | **कुम्भ** : कार्यमा व्यवधान आइपर्ला । पुँजी बजारको लगानी कमजोर हुनसक्छ । |
| **कन्या** : अधिकार प्राप्तिका लागि गरिएको प्रतिस्पर्धामा विजयी भइने छ । | **मिन** : न्यायिक कार्यमा सफलता मिल्नेछ, तर व्यवसायबाट धनलाभ भने हुनेछैन । |





बाल कथा — पार्वती पराजुली

# फूलबारीका फूल

चारैतिर हरियाली वातावरण, ठूला-ठूला पहाड वरिपरि डाँडाले घेरिएको बीचमा एउटा सानो गाउँ छ । सबै जातजातिको बसोबास भएको धेरैजसो घरहरु बाहुन र क्षेत्री अनि एक/दुई घरलाई सानो जात भनेर हेप्ने गरिएको छ । त्यस परिवारमा तीन जना सदस्यहरु छन् । बाबाको नाम सुनिल, आमाको नाम सुनिता र एउटा भर्खर डेढ वर्ष पुगेको सानू बालक उसको नाम चै सागर । जातिको आधारमा सानो भएता पनि उनीहरुको हृदय सफा र ठूलो छ । आफ्नो गाउँ, समाज र देश परिवेशलाई औधी माया गर्छन् । त्यही समाजमा एक घर अलि धनि थियो ।

गाउँलेहरु उक्त घरलाई मुखिया बा को घर भनेर चिन्दछन् । मुखिया बाहुन जातिको व्यक्ति थिए । उनले घरमा एकजना भान्छे बाहुन राखेका थिए ऊ बाहेक अरुले पकाएको खाना उनि खादैनथे । उसको पनि एउटी छोरी थिई, उनको नाम पूजा थियो । सुनिल ज्यादै मेहनती थियो । उसको काम भनेकै अरुको सामान बनाएर घर घरमा पुऱ्याउनु थियो । विवाह गरेको धेरै समयको अन्तराल पछि उनीहरुको सन्तान भएको थियो । सुनिता पनि आफ्नो श्रीमानलाई सघाउने गर्दथिइन् । सधैं गाह्रो काम समाजको अपहेलना सुनिल कहिले काही खिन्न हुन्थ्यो । थर के चरोस उसको कर्म नै त्यस्तो थियो । पानी लिन पधेरोमा जादाँ सबै भन्दा पछि उसको पालो आउँदथ्यो । कुनै पनि बेला मन्दिर प्रवेश गर्न पाउँदैनथ्यो । यो सब उसले सहेर नै बसेको थियो । एक दिन अचानक सुनिल बिरामी पऱ्यो, गरिब परिवार घरको मूल खम्बा नै ढलेपछि अरुलाई गाह्रो त परहाल्ने नै भयो । गाउँघरको रुढीवादी चलन धामी झाक्रीको भर गरियो । धेरै दिन धामीको बाटो हेर्दा पनि कम नभएपछि सुनिता चिन्तित भइन् । ऊ गाँउ कै प्रा.वि. तह सम्म पढाइ हुने स्कुलमा जान थालेको थियो । पूजा पनि सागरसँगै स्कूल जान्थी । सागरको बाबा लिएर अस्पताल जाने त भनियो तर घरमा पैसा छैन । घरमा कमाउने व्यक्ति नै बिरामी भएको थियो । उनले मुखियख बासँग केही रकम ऋण लिएर आफ्नो लोग्नेलाई अस्पताल लैजाने निर्णय गरेर भालिपल्ट बिहानै मुखियाको घरमा पुगिन् र मुखिया पनि पिढीमा रहेको खाटमा बसेर तमाखु तान्दै थिए । सुनिताले मुखियालाई नमस्कार गरेर पिढीमा बस्न लागेकी थिइन । तर मुखियाले भने- 'हैन ऐ सुनिता तँ काँहा मेरो घरको पिढीमा बस्न लागेकी हँ त्यही आँगनमा बस ।' सुनिता गह्रौ मन लिएर त्यही आँगनमा बसी । अनि मुखियाले नै कुरा सुरु गरे ।

मुखिया के काम पऱ्यो र आज बिहानै मेरो घरमा आइस् सुनिता । सुनिता- के काम हुन्थ्यो र हामी जस्तो गरीबको तपाईसँग, तपाईले केही सहयोग गरिदिनुपऱ्यो भन्न आएकी । सुनिताले हात जोड्दै भनिन् । मुखिया- हैन, के घुमाउरो कुरा गरेको सिधै भने त भइहाल्छ नि । मेरो श्रीमान बिरामी भएको धेरै दिन भइसक्यो धामी पनि लचाए कै हो तर केही कम भएन । अस्पताल लैजाउ भनेको घरमा पैसा पनि छैन । त्यसैले तपाईले केही सहयोग गर्नुहुन्छ कि भनेर आएकी । ए कसरा त्यस्तो



पो । अनि कति रकम लान्छेस, त्यही तीन हजार जति पाए हुन्थ्यो । मुखिया, धरौटी राख्ने कुरा के लिएर आएकी छौ । सुनिता- अरु के छ र हामीसँग- त्यही पाखो बारीको लालपूँर्जा लिएर आएकी छु । मखियाले कागजमा केही कुरा लेख्न थाल्छ- मुखिया- ल यहाँ छाप लागाऊ साँचै गाँउको मानिस पढ्न लेख्न जानेकै छैन । सुनिताले कागजमा औंठो छाप लगाइदिई । मुखिया भित्र गएर तिन हजार झिकेर ल्याए र सोधे कति समयमा चुक्ता गर्छे । सुनिता - छ महिनाको समय दिनुहोस् । मुखियाले हुन्छ भनेर छ महिना भएपछि बुझाउनू ब्याज समेत गरी अलि बढी हुन्छ भनेर पैसा सुनिताको हातमा राखिदियो । सुनिताले उसलाई धन्यवाद दिइन् र आफ्नो बाटा लागिन् र घर गएर अस्पताल लैजानको निम्ति सामानहरु तयार पारिन् र आफ्ना अन्य दाजुभाइलाई भनेर अस्पताल लागिन् । घरमा सागर एरकलै थियो । उसकी काकीले सागरलाई आमाबाबा नआउनजेल मेरो घरम बस भनेर आफ्नो घर लगिन् । सुनिललाई पनि अस्पतालमा लगेर उपतार गरेपछि अली कम हुदै आयो । बिस्तरबिस्तार हिंडेर घर ल्याइयो समय बित्न कति नै लाग्दछ र सागर पाँच पुगेर छ वर्ष लागिसकेको थियो । सुनिलले ल्याएको बुझाउने समय पनि आइसकेको थियो । तर उनीहरुले रकम जम्मा गर्न सकेका थिएनन् । एकदिन बिहानै सुनिल उठेर बाहिर बसिरहेको थियो । तर उनीहरुले रकम नम्मा गर्न सकेका थिएनन् । एकदिन बिहानै उठेर बाहिर बसिरहेको थियो । उसले देख्यो कि परबाट मुखिया चार/पाँच जना सहयोगीको साथ उसैको घर तर्फआइरहेका थिए र सुनिता पनि निकै डराई ।

मुखिया सुनिलको आगनमा आइपुगे । सुनिलले पनि आदरसाथ मुखियालाई बस्नुहास् भन्यो तर मुखिया जंगिदै बाल्न थाले । मुखिया- म तिमीहरुको घरमा बस्न आएको हैन- सुनिताले बिर्सिन् कि क्या हो, ऋण तिर्नु मर्दैन- समय सकिएकोपनि एक महिना भइसक्यो कि रकम बुझाउने नत्र भने घरबारी मेरो भयो । उनीहरुले रुँदै बिन्ती गर्न थाले, हामीले बिर्सिएका हाइनौ भएको भएत लिएर आइहाल्ने थियौ नि । अब छ महिनाको समय दिनुहोस् न हामी जसरी भएपनि तिरौला । ल उसो भए हुन्छ छ महिना पछि त घरमा आउनु नपरोस् । घरमा आउनुपऱ्यो भने घरबारी सबै मेरो हुन्छ । भन्दै मुखिया आफ्नो बाटो लागे । मुखिया गएपछि उनीहरु अन्योलमा भरे र अन्तमा सुनिलले शहर जाने निर्णय गऱ्यो । भोलिपल्ट बिहानै सुनितालाई सम्झाएर भन्न थाल्यो छोरालाई निरन्तर स्कूल पठाउनु राम्ररी बस्नु म चाँडै र्फकनेछु भनेर सुनिल शहर तिर लाग्यो शहर गएर धेरै दिन पछि उरले घर बनाउने ठाउँमा काम पायो । जसरी तसरी आफ्नो मन बुझाएर बसेकी सुनिता कहिले बहुला जस्तै बर्हराउन थाल्थी अलि अलि पाँच महिना भइसकेछ । सुनिलले पनि अलि अलि गर्दै पैसा जम्मा गरेको थियो र भोलिपल्ट बिहानै घर जाने विचार गरी सुनिल सामान मिलाउन तर्फ लाग्यो । भोलिपल्ट बिहानै मुखियाको घरमा पैसा पुऱ्याउन हिड्यो । मुखिया बिरामी भएका थिए । सुनिलले साँवा र ब्याज गरेर सबै रकम बुझायो र लालपुर्जा लिएर आफ्नो घर तर्फ लाग्यो । मुखियालाई अस्पताल लगियो सुनिल पनि मुखियासँगै गएको थियो । उसको शरीरमा रगतको मेकमी भएको रहेछ, रगत पाउन निकै कठिन भयो । कतै रगत नपाएपछि मुखियाको र सुनिलको रगत मेल खायो । सुनिलले पुखियालाई रगत दिएर जीवन बचाइदियो । मुखियालाई पनि बिस्तारै निको भइसकेको थियो । एकदिन बिहानै मुखिया सुनिलको घर तर्फलाग्यो । मुखिया आएको देखेर उनीहरु दुवै खुसी भएर मुखियालाई सम्मान साथ भित्र लगेर बसाए । मुखियाले सुनितालाई भने । मुखिया- सुनिता मलाई एक गिलास पानी ल्याउन कस्तो घाँटी सुकिरहेछ । सुनिता- मुखिया बा हामीले छोएको पानी । तपाई त बाहुन मान्छे अनि हामी दलित फेरि तपाईले हाम्रो घरमा पानी... मुखियाले आँसु झार्दै भन्न थाले भयो अब मलाई केही नभन जबमेरो शरीरमा नै तिमीहरुको रगत बग्न थालिसक्यो पानी खान के । मलाई बल्ल आजथाहा भयो मानिसको शरीरमा एउटै रगत बग्छ भने साने ठूलो कसरी हुन्छ । हामी त सबै एउटै फलबारीका फुल हौं अब जातमुन्छ त केबल दुइवटा मात्र एउटा पुरुष र एउटा महिला । म नै अन्धो रहेछु मलाई माफ गरिदेऊ । मैले तिमीहरुलाई धेरै दुख दिए । बेइज्जत गरे भन्न पनि लाज लाग्छ । मलाई माफ गरिदेउ । तिमीहरु त मेरो आफ्नै छोरा हौ । मुखियाले सुनिललाई अंगाले हालेर उसको पिठिऊँमा थपथपाउन थाले ।

*-मझेरी डटकम*

ऐतिहासिक कथा — मिलिसा अम्गाई

# श्राप

*प्रताप मल्लको मनमा कुरा खेल्यो । काजी राजा बन्न चाहेको हल्ला राज्यभर फैलियो । पहिला वाह वाह भन्ने मानिसहरू आज त्यही काजीलाई घृणा गर्न थालेका थिए । अर्को तर्फ काजी र उनको पत्नी कसले यो हल्ला फलायो भनेर चिन्तित थिए । राजा प्रतापले पनि सोच्दै नसोची आवेगमा आइ आफ्नै शुभचिन्तकलाई राज्यद्रोहको अभियोगमा दण्ड दिने निर्णय गरे । केही दिनपछि भिम मल्ललाई कारावासमा राखियो । काजी मल्लले आफूमा त्यस्तो कुनै विचार नभएको विश्वास दिलाउने प्रयास गरे तर राजा विश्वस्त हुन सकेनन् । आफ्नो प्राणप्रिय राजालाई अनाबश्यक शङ्काबाट निकाल्न नसकेपछि आफ्नो मृत्यु नै श्रेयष्कर ठानेर आत्महत्या गर्ने कठोर निर्णय गरे । उनले राजालाई भेट्न चाहेको कुरा जाहेर गरे । राजा आफै कारागारमा आइपुगे ।*

'हजुर महाराज यो बत्तिसौं दोकान खोलियो ।' काजी भिम मल्लले राजा प्रताप मल्लको प्रश्नमा दिदै भने । काजी भिम मल्लले सहरमा आज बत्तिसौं पसल खोलेका थिए । 'तपाईले पसल खोलेर अति उत्तम कार्य गर्नुभयो, मैले केही बोल्नु पर्दैन ।' राजाले स्यावासी दिदैं भने तर काजी मल्लले उनको अनुहारमा खुशी देखेनन् । 'माहाराज हजुर बेचैनी र निराश देखिनुहुन्छ नि ।' काजीले चासो देखाए । 'तिमीलाई थाहा नै छ हाम्रो राज्यको अवस्था । गएको वर्ष देखि केही ठूलो सुधार ल्याउन सकिएको छैन । हामी सगैं भएको अरु राज्यहरू कहाँदेखि कहाँ पुगिसके ?' राजाले लामो सास तान्दै सुनाए । काजीलाई पनि यो सब थाहा थियो तर उनले के गर्न सक्थे र । 'महाराज मलाई केही दिनको समय दिनुस्, म केही सोच्ने छु । यसरी हातमा बाँधेर बस्नु हुदैन ।' काजीको यो कुरा सुनेर राजा असाध्यै खु:शी भए । उनलाई काजीले कहिल्यै निरास पार्दैनन् भन्ने कुरा थाहा थियो । केही दिन बित्यो । काजी भिम मल्लले तिब्बतसँग युद्ध गर्ने कुरा सोचें । 'महाराज यदि हजुरको आज्ञा छ भने हामी तिब्बतसँग युद्ध गरेर राज्यलाई लाभ पुऱ्याउन सक्छौं ।' उनले यो प्रस्ताव ल्याएर राजालाई सुनाए । 'यो मनासिव होला र काजी ! फेरि यसबाट कसरी लाभ होला र ?' राजाले शङ्का व्यक्त गरे ।

'तिब्बतलाई बसमा पार्ने यही नै उपयुक्त समय हो महाराज । हामीले तिब्बतसँग व्यापारिक संझौता त गर्यौ तर नेपाली व्यापारीलाई त्यहाँ निकै दु:ख दिएका समाचारहरू आइरहेका छन् । यो त सरकारको जानकारीमा छदैं छ ।' 'अँहँ !' प्रताप मल्लले सहमतिमा टाउको हल्लाए । भिम मल्लले भन्दै गए, 'अहिले तिब्बतको अवस्था निकै कमजोर छ । उनीहरू आन्तरिक खिचलोमा रुमलिएका छन् । त्यसको असर हाम्रा व्यापारीहरूमा परेको छ । सहयोग गर्नुपर्यो भनेर उनीहरूले खबर पठाइरहेका छन् । यही मौकामा हामीले आक्रमण गरेर दबाब दिन सकियो भने तिब्बतमा व्यापार गरेर हामी राम्रै आम्दानी गर्न सक्छौ ।' 'तिमीलाई त्यस्तो लाग्छ भने युद्धको तयारी गर ।' राजाले तरुन्तै सहमति जनाए । नभन्दै काजी मल्लले भोलिपल्ट नै तिब्बतको राजालाई सन्देश पठाए । सन्देश पत्रमा तिब्बतमा नेपाली व्यापारीहरूलाई दु:ख दिएका हुनाले त्यसको क्षतिपूर्ति वापत हर्जाना तिर्नुपर्ने, नभए आक्रमण गरिने जानकारी थियो । तिब्बतले हर्जाना तिर्न अस्वीकार गरेपछि तिब्बत माथि कान्तिपुर सेनाले अर्को महिना आक्रमण गऱ्यो । युद्ध केही दिन सम्म चलिरहयो र अन्त्यमा कान्तिपुरको सेनाले जित हासिल गर्न सफल भयो । जित साथसाथै काजीद्वारा तिब्बतको कुती, केरुङ र खासालाई राज्यको शासन भित्र ल्याइयो । आफ्नो सबै भूमि गुम्ने डरले तिब्बत नेपालको सर्त मान्न बाध्य भयो । नेपालले क्षतिपूर्ति बापत केही रकम प्राप्त भयो भने ल्हासामा व्यापारिक कोठी राख्नका लागि सुविधा र सुरक्षको बन्दोबस्त पनि मिलाइयो । 'मैले तिमीबाट यही आशा गरेको थिएँ । तिम्रो कार्यले राज्यलाई सोचे भन्दा बढी योगदान पुराउने छ ।' राजाले काजीको प्रशंसा गर्दै भने । 'यो त मेरो कर्तव्य हो सरकार ।' काजीले हाँस्दै बोले । 'यदि राजाको शासन सम्पूर्ण देशभर विस्तार गर्न सके त कति राम्रो हुन्थ्यो होला हगि ।' काजी भिम मल्लले खाना खादै गर्दा सुनाए । 'हो हजुर हो, हजुर जस्तो शुभचिन्तक त राजाले खोजेर पनि पाउने छैनन् ।' उनको पत्नीले थपिन् । कुती, केरुङ र खासा कान्तिपुर राज्य मातहत आएको केही महिनामा राज्यको अर्थव्यवस्थाको वृद्धि हुन थालेको थियो । काजीद्वारा गरिएको कामको नतिजा देखेर राजा असाध्यै प्रभावित भए । एक दिन उनले काजी भिम मल्ललाई राज्यको तर्फबाट सम्मान र पुरस्कार दिने निर्णय सुनाए । त्यस समारोहमा सबै भारदारहरू भेला भए । राज्यले दिएको सम्मानप्रति सबै खुसी थिए । तर भनिन्छ नि आफु माथि पुगेपछि खुट्टा तान्न खोज्ने कोही न कोही रहन्छ । त्यसैगरी काजी भिम मल्ललाई यति सम्मान दिइएको देखेर दरबार भित्र दुई हजुरीयालाई निकै ईर्ष्या लाग्यो । 'यो काजी त सबको आखाँको नानी बनिसक्यो ।' 'हो भन्या, हामीले केही गर्नुपर्छ ।' उनीहरूले सल्लाह गरे । त्यी दुबैले काजी अगाडि पुगेको हेरेर बस्न सकेनन् । एक दिन राजा कहाँ गएर काजीको बारेमा झुटो आरोप लगाएर कान फुक्न पुगे । 'माहाराज हामीले भने सानो मुख ठुलो बात होला । तर के गर्ने नुनको सोझो पनि गर्नै पर्यो । यी काजी भिम छन् नि, उनको विचार र उद्देश्य ठिक देखिदैन ।' एक हजुरीयाले भने । राजाले आखाँ ठुला पार्दै प्रश्न गरे, 'मतलब, के भन्न खोजेको ?' 'मतलब यो महाराज, उनी तपाईलाई राजपदबाट निकालेर आफू राजा बन्न चाहन्छन् ।' राजाले कसरी भनेर सोधे । 'हजुर आफै सोच्नुहोस् त, काजी मल्लले यतिका काम गरेर सबको मन जितिसके । के थाहा कुनै दिन तपाईलाई यो पदबाट हटाएर उनलाई राजा बनाउनु पर्छ भन्न थाले भने !' अर्को हजुरियाले मुख खोल्यो । राजा गम्भिर भए । तिब्बतसँगको घटनापछि जताततै काजी भिम मल्लको मात्र चर्चा हुन थालेको थियो । उनी निकै लोकप्रिय भएका थिए । 'अँ, मैले केही त गर्नै पर्छ ।' राजाले सोचे । उनी आफैले गरेको कार्यको कारण पनि राजालाई काजीमाथि शङ्का गर्न बल मिलेको थियो । उनी आफू आफ्नै पितालाई कैद गरेर राजा बनेका थिए । पिता लक्ष्मीनरसिंह मल्लका पालाको काजीले त्यसो नगर्लान् भन्ने विश्वास गर्ने आधार पनि थिएन । 'हुन त राजा लक्ष्मीनरसिंहको गलत हर्कतको विरोध काजी भिम मल्लले नै गरेका हुन् र उनकै सहयोगमा आफू राजा भएको हुँ तर मान्छेको मनमा पाप पलाउन कतिबेर !' प्रताप मल्लको मनमा कुरा खेल्यो । काजी राजा बन्न चाहेको हल्ला राज्यभर फैलियो । पहिला वाह वाह भन्ने मानिसहरू आज त्यही काजीलाई घृणा गर्न थालेका थिए । अर्को तर्फ काजी र उनको पत्नी कसले यो हल्ला फलायो भनेर चिन्तित थिए । राजा प्रतापले पनि सोच्दै नसोची आवेगमा आइ आफ्नै शुभचिन्तकलाई राज्यद्रोहको अभियोगमा दण्ड दिने निर्णय गरे । केही दिनपछि भिम मल्ललाई कारावासमा राखियो । काजी मल्लले आफूमा त्यस्तो कुनै विचार नभएको विश्वास दिलाउने प्रयास गरे तर राजा विश्वस्त हुन सकेनन् । आफ्नो प्राणप्रिय राजालाई अनाबश्यक शङ्काबाट निकाल्न नसकेपछि आफ्नो मृत्यु नै श्रेयष्कर ठानेर आत्महत्या गर्ने कठोर निर्णय गरे । उनले राजालाई भेट्न चाहेको कुरा जाहेर गरे । राजा आफै कारागारमा आइपुगे । 'सरकार, हजुर नै मेरो अन्नदाता हुनुहुन्छ । यदि हजुरलाई मेरो कारणले असुरक्षा महशुस हुन्छ भने सदाका लागि यो शङ्का निवारण गरिदिन्छु ।' यति भनेर उनले आफ्नो कम्मरमा भएको कर्द निकाले र राजा कै अगाडि आफ्नो घाँटी सेरे । उनी त्यही बङ्लङ पछारिए र रगतको आलमा डुबेर प्राण त्यागे । त्यति बफादार काजीलाई शङ्का गरेकोमा राजालाई निकै पछुतो भयो तर समय बितिसकेको थियो । अब काजीलाई फर्काउन सम्भव थिए । राजकीय सम्मानका साथ काजीको अन्त्यष्टिको आयोजना गरियो । त्यस बेलाको प्रचलन अनुसार पतिको मृत्युपछि पत्नी सती जानुपर्थ्यो ।

एकातिर भिम मल्लको चितामा तयार थियो भने अर्कोतिर भिम मल्लकी पत्नीका लागि चिता बन्दै थियो । मृत्य प्राकृतिक नियम हो, त्यो उनलाई थाहा थियो । तर यहाँ त आफ्नो पतिले असल कर्मको दण्ड भोग्नु परेको थियो, यही कुराले उनको मन निकै दुखेको थियो । काजीको लाससँगै पत्नीलाई आगोमा जलाउने तयारी गरियो । 'यो दरबारमा कहिल्यै विवेका नआओस् ।' उनले आगोमा जल्दा जल्दै सकिनसकि सराप दिइन् । 'सतीले सरापेको त साँचो हुन्छ भन्छन् । लौन ! अब दरबार उबो लाग्ने भएन ।' त्यहाँ उपस्थित मानिसहरूको बिच कुरा हुन थाल्यो । यो घटना घटेको केही महिना बित्यो । दरबारको स्थीतिमा पनि गिरावट आउन थाल्यो । तिब्बतसँगको सम्बन्ध पनि अस्तव्यस्त हुन थाल्यो । त्यस अवस्थालाई समाल्ने भिम मल्ल जस्तो योग्य काजी अब दरबारमा थिएन । भिम मल्लले भोग्नु परेको नियतिले अब भएका काजी पनि राज्यको भलो चिताउन डराउन थालेका थिए । राजा अहिले आएर यथार्थता नबुझी कदम उठाएकोमा पछुताउन थाले ।

*-नेपाली साहित्य घर*

# छुट्टाछुट्टै दुर्घटनामा सात जनाको मृत्यु



**पाल्पा,** फागुन १६/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै घटनामा सात जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार विभिन्न जिल्लामा भएका सवारी साधन, आगलागी र करेन्ट लागेर सात जनाको मृत्यु भएको हो ।

दाङ र सुनसरीमा भएका सवारी साधन दुर्घटनामा दुई जनाको ज्यान गएको छ । दाङको घोराही उपमहानगरपालिका-४ गोग्लीस्थित घोराही सिमेन्ट लिमिटेड कम्पनीभित्र रा.१ क १२७८ नम्बरको टिपरको ठक्करबाट सोही उपमहानरपालिका-३ बस्ने ३० वर्षीय नारायण शर्माको मृत्यु भएको हो । ठक्करबाट गम्भीर घाइते भएका उनको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै सुनसरीको रामधुनी नगरपालिका-४ मानपुरस्थित सडकमा मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा एक जनाको ज्यान गएको छ । प्रदेश १-०२-०४७ प २०४८ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक सोही नगरपालिका-९ का २४ वर्षीय करण चौधरीको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको जिल्ला अस्पतालमा उपचारको क्रममा मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । यस्तै आगोमा जलेर एक जनाको मृत्यु भएको छ । रोल्पाको माडी गाउँपालिका-५ चरीकोटका ७५ वर्षीया हरिकला घर्तीको घरमा आगलागी हुँदा जलेर घर्तीको मृत्यु भएको हो । आगलागीबाट करिब ८ लाख बराबरको धनमाल जलेर नष्ट भएको छ । यस्तै करेन्ट लागेर दुई जनाको ज्यान गएको छ । झापा र डडेल्धुराका छुट्टाछुट्टै स्थानमा करेन्ट लागेर दुई जनाको मृत्यु भएको हो । झापाको बाह्रदर्शी गाउँपालिका-६ मिलनचोकका २८ वर्षीय बुद्धराज लिम्बुको करेन्ट लागेर मृत्यु भएको छ । सोही ठाउँस्थित खेतको खाल्डोमा जमेको पानीमा करेन्ट लगाई माछा मार्ने क्रममा करेन्ट लागेर उनको मृत्यु भएको हो । डडेल्धुराको आलिताल गाउँपालिका-८ सुनखोलामा व्याट्रीद्वारा माछा मार्ने क्रममा करेन्ट लागेर डोटी जोरायल गाउँपालिका-१ गैराका ३० वर्षीय राजु विकको मृत्यु भएको छ । करेन्ट लागेर गम्भीर घाइते भएका उनको जोगबुढा अस्पताल डडेल्धुरामा उपचारको क्रममा मृत्यु भएको हो । यस्तै नुवाकोटको किस्पाङ गाउँपालिका-५ नाप्रङ्चेत प्लोरो पाखास्थित जलकन्यादेवी सामुदायिक वनको गोरेटो बाटोमा एक जना मृत अवस्थामा फेला परेका छन् । रसुवा उत्तरगया गाउँपालिका-२ डाँडागाउँ बस्ने ७३ वर्षीय भुन्टे भट्ट भन्ने टेक प्रसाद भट्ट मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । चितवनको भरतपुर महानगरपालिका-१ पोखरा बसपार्कस्थित स्वस्तिक होटलमा गोरखा भिमसेन गाउँपालिका-५ घर भएका ८२ वर्षीय कृष्ण बहादुर भट्ट पनि मृत अवस्थामा फेला परेका छन् ।

# बजेट अभावमा रोकिए...

...उक्त सडकका लागि एक करोड बजेट विनियोजन भएपछि काम रोकिएको हो । यस खण्डको १८ प्रतिशत मात्रै भौतिक प्रगती भएको छ । एक वर्षमा २५ करोडको सडकमा एक करोड बजटले काम गर्न समस्या भएको गलकोट नगरपालिका-७ मल्मका वडाध्यक्ष राज थापाले बताए । म्याग्दी जिल्लाको रत्नेचौर-ज्यामरुककोट, भकिम्लि हुँदै बराङ्जा जाने सडकको पूर्वाधार निर्माण सकिएपनि बजेट अभावमा कालोपत्र हुन सकेको छैन । हालसम्म ४५ प्रतिशत भौतिक प्रगति गरेको उक्त सडकको निर्माण व्यवसायीलाई गत वर्षको तीन करोड ८१ लाख ४४ हजार भुक्तानी दिन बाँकी छ । मुस्ताङको रणनीतिक सडक अन्तर्गत पर्ने लेतेस्थित थासाङ गाउँपालिका-२, ३, ४ र ५ मा पर्ने छ्योे-कुन्जे-टिटी-धम्पु हुँदै कोखेटाटी पुग्ने सडकमा बजेट अभावका कारण काम प्रभावित बनेको छ । तीन वर्षमा कालोपत्र गर्नेगरी ३८ करोड ८८ लाख ६१ हजारमा निर्माण व्यवसायीसँग सम्झौता भएको उक्त खण्डको हालसम्म २२ प्रतिशत भौतिक प्रगति भएको सडक डिभिजन कार्यालयले जनाएको छ ।

उक्त सडकमा गत वर्षको भुक्तानी दायित्व नरहे पनि चालू आवमा विनियोजन भएको एक करोडले काम गर्न समस्या भएको निर्माण कम्पनीको भनाइ छ । ३८ करोडको सडक निर्माणका लागि एक वर्षमा एक करोड मात्र बजेट आउँदा काम गर्न नसकिएको सडक डिभिजन कार्यालयले जनाएको छ । कार्यालयका प्रमुख अनुक्षा घिमिरेले अर्थमन्त्रालयले आवश्यक बजेट नपठाउँदा काम गर्न समस्या भइरहेको बताए । उनले तीन जिल्लाका चार ठूला सडकको कालोपत्रको काम सुरु गर्ने समयमा बजेट कटौती हुँदा निर्माण व्यवसायीले काम छोडेर हिडेका बताए । 'ठूला सडक सिगाना र रत्नेचौरको कामको प्रगति सम्झौता अघिनै सक्नेगरी अघि बढेको थियो । गत असारमा बजेट कटौती भएर भुक्तानी गर्न सकिएन । यो वर्ष भुक्तानीका लागि पर्याप्त बजेट छैन', घिमिरेले भने, 'अर्थमन्त्रालयमा बजेट थप गर्नका लागि समन्वय भइरहेको छ । हालसम्म बजेट थप नभएको अवस्थामा यो वर्ष चार वटै सडकमा काम नहुने देखिएको छ ।' *-रासस*

## खेलकुद समाचार

### नेपाल नेदरल्यान्ड्ससँग पराजित



**काठमाडौं,** फागुन १६/त्रिकोणात्मक अन्तर्राष्ट्रिय ट्वान्टी-२० शृङ्खला अर्न्तगत बुधबार भएको खेलमा नेपाल नेदरल्यान्ड्ससँग दुई रनले पराजित भएको छ । यससँगै नेपालको यो लगातार दोस्रो हार हो ।

नेदरल्यान्ड्सले प्रस्तुत गरेको एक सय ८५ रनको लक्ष्य पछ्याएको नेपाल निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै एक सय ८२ रनमा समेटियो । नेपाललाई जितका लागि अन्तिम ओभरमा १५ रन चाहिएको थियो । नेपालका लागि उत्कृष्ट ब्याटिङ गरेका दिपेन्द्र सिंह ऐरीले पहिलो बलमा चौका र दोस्रो बलमा छक्का प्रहार गर्दै नेपाललाई जित नजिक पुऱ्याएका थिए । खेलको तेस्रो बलमा दोस्रो रन लिने क्रममा करण केसी रन आउट भए । चौथो बलमा ऐरी व्यक्तिगत ६३ रनमा बोल्ड आउट हुन पुगे । नेपाललाई जितका लागि ३ बलमा ४ रन चाहिएको थियो । उनी बोल्ड आउट हुन पुगे । दिपेन्द्रले ३४ बलमा छ चौका र तीन छक्का प्रहार गर्दै ६३ रन बनाए । त्यसपछि उनको स्थानमा आएका प्रतिश जिसीले पाँचौ बलमा रन लिन सकेनन् । छैटौं बलमा उनले १ रन मात्र लिए । अन्ततः नेपाल नेदरल्यान्डसँग पराजित हुन पुग्यो । खेलमा नेपाली टोलीका कप्तान रोहितकुमार पौडेलले पनि अर्धशतक प्रहार गरे । उनले ३५ बलमा ६ चौका र दुई छक्काको मद्दतमा ५० रन जोडे । आशिफ शेखले २३ बलमा चार चौका र एक छक्काको मद्धतमा ३४ रन जोडे । कुशल मल्ल र करण केसीले समान ११/११ रन जोडे भने सन्दिप जोराले ८ रन बनाए ।

बलिङतर्फ स्याब्रान्ड एंगेलब्रेक्ट र रोलेफ भान डर मर्वेले समान दुई/दुई विकेट लिए भने आर्यन दत्त, भिभियन किंग्मा र टिम भान डर गुगटेनले समान एक/एक विकेट लिए । त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेदरल्यान्ड्सले निर्धारित २० ओभरमा चार विकेट गुमाउँदै एक सय ८४ रनको योगफल बनाएको थियो । नेदरल्यान्ड्सका लागि माइकल लेभिटले सर्वाधिक ५४ रनको योगदान दिए । उनले ३६ बल खेल्दै पाँच चौका र तीन छककाको सहयोगमा ५४ रन बनाएका हुन् ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचकमा सामान्य अंकको गिरावट



**पाल्पा,** फागुन १६/नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सामान्य अंकको गिरावट देखिएको छ । बुधबार नेप्से परिसूचक शून्य दशमलव ८७ अंकले घटेर दुई हजार दशमलव ७७ को विन्दुमा कायम भएको हो ।

तीन सय आठ कम्पनीको ५१ लाख १५ हजार छ सय ५८ कित्ता शेयर ४१ हजार छ सय ७९ पटक खरिदबिक्री हुँदा रू दुई अर्ब तीन करोड ८१ लाख नौ सय ७७ बराबरको कारोबार भएको छ । कारोबारमा ७१ कम्पनीको शेयर मूल्य बढेको छ भने एक सय ७० कम्पनीको शेयर मूल्य घटेको छ । सात कम्पनीको शेयर मूल्य स्थिर देखिएको छ । विशालबजार कम्पनी लिमिटेड, बोटलर्स नेपाल (बालाजु लिमिटेड) र बोटलर्स नेपाल (तराई) लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ ।

सबैभन्दा धेरै गुमाउनेमा भने सामलिङ पावर कम्पनी लिमिटेडका शेयरधनीले छ दशमलव ६६ प्रतिशतका दरले गुमाएका छन् । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सोनापुर मिनरल्स एण्ड आयल लिमिटेडको रू १२ करोड ६९ लाख ६५ हजार बराबरको दुई लाख ७७ हजार दुई सय २० कित्ता शेयर किनबेच भनेको छ ।


## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि) को अधिक प्रयोगले :**

- बालबालिकाको आँखाको ज्योति कमजोर हुने,
- दिमागमा असर पर्ने र समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने र झिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रतिकुल प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले,
- बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट हुने जोखिमबाट बचाऔं ।

लुम्बिनी प्रदेश सरकार

**गृह मन्त्रालय**

राप्ती उपत्यका (देउखुरी), नेपाल


## जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की जिल्ला पाल्पा साविक बौघापोखराथोक गा.वि.स. नं. ८, हाल तानसेन नगरपालिका वडा नं. १२ निवासी भारतिय भू.पू. सैनिक नं. ५३४८००१M हवल्दार झमान बहादुर रानाको श्रीमती ओबा रानाको नेपाली नागरिकताको प्रमाणपत्रमा जन्म मिति २०३८/०८/१५ उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा जन्ममिति सन् १९८२/१२/०१ उल्लेख भई अभिलेखमा फरक-फरक जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरो सर्वसाधारण सबैमा सूचित गरिन्छ ।


मनको आवाज...........

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.

तानसेन, पाल्पा


०७५-५२१४६४, ५२१४६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




जनचेतना दैनिकको आधिकारीक वेबसाईट

शितलपाटी.कम

www.shittalpati.com

डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई